# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मितिः २०७६।०७।०७ गते

## प्रेस विज्ञप्ति

### विषयः आरोप-पत्र दायर गरिएको ।

ईलाका प्रहरी कार्यालय मंगलापुर, रूपन्देहीमा कार्यरत प्रहरी नायव निरीक्षक खिमबहादुर जि.सी.ले बिमा सिफारिस गरिदिने प्रयोजनको लागी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलबाट खटिई गएको टोलीले निज प्रहरी नायव निरीक्षक खिमबहादुर जि.सी.लाई सेवाग्राहीसँग रु.१५,०००।-(पन्ध्र हजार) घुस वापतको रकम लिइसकेको अवस्थामा कार्यालय परिसरबाटै उक्त घुस रकम सहित नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा आधार प्रमाण र कारणहरुबाट ईलाका प्रहरी कार्यालय मंगलापुर रुपन्देहीका कार्यालय प्रमुख प्रहरी नायब निरीक्षक खिम बहादुर जि.सी.ले सेवाग्राहीबाट घुस/रिसवत लिएको पुष्टि हुन आएकोले उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको देखिदाँ निज खिम बहादुर जि.सी.लाई बिगो रु. १५,०००।— (पन्ध्र हजारमात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय खण्ड (क) बमोजिम सजायको मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

**(प्रदीपकुमार कोइराला)**
**प्रवक्ता**